# कुशे गाउँपालिका
Kushe Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
थर्पु भार्मा, जाजरकोट
Tharpu Bharma, Jajarkot

पत्र संख्या : २०८०।०८१
च.नं. :

कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

## आ.व. २०८०/०८१ मा खरिद कार्यमा सहभागी हुन सुचिकृत हुने सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०८०/०५/०६**

सार्वजनिक खरिद ऐन, २०६३ दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को निमय १८ अनुसार सार्वजनिक निकायबाट सोही ऐनमा तोकिए बमोजिम हुने खरिद सम्बन्धी कार्यको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको छुटाछुटै सूचि तयार गर्नुपर्ने व्यवस्था भए बमोजिम यस कार्यालयको आ.व. २०८०/०८१ मा मौजुदा सूचिमा दर्ता हुन ईच्छुक योग्य फर्म, संघ/संस्था वा व्यक्तिहरुलाई सूचिकृत हुन चाहेको समूह समेत स्पष्ट रुपमा खुलाई १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा तोकएको ढाँचामा आवेदन गर्नु हुन सम्बन्धित सबैमा सूचित गरिएको छ ।

**आवेदन साथ निम्नानुसार कागजातका प्रतिलिपीहरु एक एक प्रति संलग्न गरेको हुनु पर्नेछ :**

क) आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नवीकरण भएको ईजाजत पत्र ।
ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र ।
ग) प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु बूझाउनु पर्ने अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाण पत्र ।
घ) व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्र।
ङ) तोकिए बमोजिमको निवेदन

नि. प्रमुख प्रशासकिय अधिकृत

**तपशिल :**

| | |
|---|---|
| **क) खरिद तथा आपुर्तिकर्ता तर्फ :**<br>१. निर्माण सम्बन्धि कार्यहरु<br>२. मसलन्द तथा कार्यालय सामानहरु<br>३. मेसिनरी सामानहरु (कम्प्युटर, ल्यापटप, फोटोकपी मेसिन, स्क्यानर, UPS, व्याट्री पावर व्याकअप लगायत ईलेक्ट्रोनिक तथा ईलेक्ट्रोनिक्स सामानहरु)<br>४. छपाई सम्बन्धी कार्यहरु<br>५. फर्निचर तथा फर्निसिङ्गका सामाग्रीहरु<br>६. सवारी साधानका पार्टपुर्जाहरु<br>७. सूचना, पत्रपत्रिका, विज्ञापन तथा पुस्तक<br>८. सेनिटरी, हार्डवयर तथा प्लम्विङका सामानहरु<br>९. सञ्चार साधानका पार्टपुर्जाहरु<br>१०. सवारी साधानहरु<br>११. स्वास्थ्य, पशु सम्बन्धी औषधी तथा सो संग सम्बन्धित सामाग्रीहरु<br>१२. कृषि सम्बन्धि बिउ तथा कृषि सामाग्रीहरु<br>१३. शैक्षिक सामाग्री एवं अन्य सम्पुर्ण सामाग्रीहरु | **ख) मर्मत तर्फ :**<br>१. सवारी साधानहरु<br>२. मेसिनरी सामानहरु (कम्प्युटर, ल्यापटप, फोटोकपी मेसिन, स्क्यानर, UPS, व्याट्री पावर व्याकअप लगायत ईलेक्ट्रोनिक तथा ईलेक्ट्रोनिक्स सामानहरु)<br>३. भौतिक संरचना मर्मत, रंगरोगन, पार्टेसन, वाइरिङ्ग आदी ।<br><br>**ग) सेवा :**<br>१. कम्प्युटर नेटवर्क, ईन्टरनेट सेवा सम्बन्धी कार्य<br>२. सफ्टवेयर, हार्डवेयर<br>३. परामर्श सेवा खरिद<br>४. अध्ययन, अनुसन्धान, तथा तहकिकात |


ईमेल: kusheruralmunicipality@gmail.com, वेभसाइट: http://www.kushemun.gov.np

कुशे गाउँपालिका
Kushe Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
थर्पु भार्मा, जाजरकोट
Tharpu Bharma, Jajarkot

पत्र संख्या : २०८०।०८१
च.नं. :

कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

मिति : २०८०/०५/०६

**सूचना तथा विज्ञापन प्रकाशन तथा प्रशारणको लागि सूचिकृत गर्ने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा यस कुशे गाउँपालिकाबाट चालु आ.व. २०८०/०८१ मा प्रकाशन तथा प्रशारण गरिने सूचना तथा विज्ञापन सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम सूचिकृत व्यवसायीहरुबाट प्रतिस्पर्धा गराइ खरिद गर्नुपर्ने भएकाले इच्छुक रेडियो, एफ.एम. टेलिभिजन, पत्रपत्रिकाहरु, विज्ञापन एजेन्सीहरु तथा व्यवसायीहरुले तपशिल बमोजिमका प्रमाणित प्रतिलिपि कागजातहरु संलग्न राखी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँपालिकाको कार्यालयमा सूचिकृत हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

लाल भक्त शाही
नि. प्रमुख प्रशासकीय अधिकृत

**तपिशलः**

| क सं | सूचना प्रदान गर्ने निकाय | संलग्न राख्नु पर्ने कागजात | सूचना विभागको वर्गीकरण | समयावधि | | | साइज | दर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पटक | मासिक | वार्षिक | | |
| १ | रेडियो, एफ.एम. | संस्था दर्ता वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, ईजाजत पत्र | | | | | | |
| २ | स्थानीय दैनिक पत्रिका | संस्था दर्ता वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, ईजाजत पत्र | वर्गीकरण खुलाउने | | | | | |
| ३ | अनलाइन पत्रिका | सूचना विभागमा दर्ता भएको प्रमाणपत्र कम्पनी रजिष्टार कार्यालयमा दर्ता भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, ईजाजत पत्र | वर्गीकरण खुलाउने | | | | | |
| ४ | राष्ट्रिय स्तरका दैनिक पत्रिका | संस्था दर्ता वा फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, ईजाजत पत्र | वर्गीकरण खुलाउने | | | | | |